# सहकारी संस्थालाई अनुदान सुविधा प्रदान गर्ने निर्देशिका, २०७३

**प्रस्तावना :** सहकारी आन्दोलनको विकास एवं सहकारी संस्थाको व्यवसाय विस्तारका लागि नेपाल सरकारबाट प्रदान गरिने अनुदान सुविधालाई सरल, पारदर्शी र प्रभावकारी तुल्याउन वाञ्छनीय भएकाले,

नेपाल सरकारले सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशिका बनाएको छ ।

## परिच्छेद – १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस निर्देशिकाको नाम "सहकारी संस्थालाई अनुदान प्रदान गर्ने निर्देशिका, २०७३" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,–

(क) "आयोजना" भन्नाले दफा ३ को उपदफा (३) बमोजिम संस्थाले सञ्चालन गर्न प्रस्ताव गरेको आयोजना सम्झनु पर्छ ।

(ख) "ऐन" भन्नाले सहकारी ऐन, २०४८ सम्झनु पर्छ ।

(ग) "कार्यालय" भन्नाले डिभिजन सहकारी कार्यालय सम्झनु पर्छ र सो शब्दले सहकारी प्रशिक्षण तथा डिभिजन सहकारी कार्यालयलाई समेत जनाउँछ।

(घ) "निर्देशन समित" भन्नाले दफा १५ को उपदफा (१) बमोजिमको निर्देशन समिति सम्झनु पर्छ ।

(ङ) "नियमावली" भन्नाले सहकारी नियमावली, २०४९ सम्झनु पर्छ ।

(च) "प्रस्ताव मूल्याङ्कन समिति" भन्नाले दफा १३ को उपदफा (१) बमोजिमको प्रस्ताव मूल्याङ्कन समिति सम्झनु पर्छ ।

(छ) "मन्त्रालय" भन्नाले सहकारी तथा गरिबी निवारण मन्त्रालय सम्झनु पर्छ।

(ज) "मापदण्ड" भन्नाले सहकारी विभागबाट जारी गरिएको सहकारी संघसंस्था दर्ता, सञ्चालन, लेखापरीक्षण, अनुगमन तथा नियमन सम्बन्धी मापदण्ड, २०६८ सम्झनु पर्छ ।

(झ) "मुख्य कारोबार" भन्नाले संस्थाले सञ्चालन गरेका व्यावसायिक क्रियाकलापहरू मध्ये कुल वार्षिक कारोबारको पचास प्रतिशतभन्दा बढी हिस्सा भएको कारोबार सम्झनु पर्छ ।

(ञ) " विनियम" भन्नाले संस्थाको विनियम सम्झनु पर्छ ।

(ट) "विभाग" भन्नाले सहकारी विभाग सम्झनु पर्छ ।

(ठ) "सहकारी खेती" भन्नाले संस्थाले बहुवर्षीय रूपमा भूमिको व्यवस्था गरी आफ्ना सदस्यहरू प्रत्यक्षतः संलग्न गराएर सामूहिक वा व्यक्तिगत जोखिममा सञ्चालन गर्ने खेतीपाती सम्झनु पर्छ र सो शब्दले त्यसरी सामूहिक जोखिममा गरिने पशुपालन, माछापालन, रेशम खेती, मौरीपालन, कुखुरापालनजस्ता व्यवसायलाई समेत जनाउँछ ।

(ड) "समिति" भन्नाले संस्थाको सञ्चालक समिति सम्झनु पर्छ ।

(ढ) "साधारण सभा" भन्नाले संस्थाको साधारण सभा सम्झनु पर्छ ।

(ण) "सीमान्तकृत समुदाय" भन्नाले दलित र पिछडिएका अल्पसङ्ख्यक जनजाति समुदाय सम्झनु पर्छ र सो शब्दले अपाङ्गता भएका व्यक्तिहरूलाई समेत जनाउँछ ।

(त) "संस्था" भन्नाले सहकारी संस्था सम्झनु पर्छ र सो शब्दले सहकारी सङ्घलाई समेत जनाउँछ ।

## परिच्छेद – २

## <u>अनुदान सम्बन्धी व्यवस्था</u>

३. **<u>अनुदान दिन सक्ने</u>** : (१) संस्थाको आयोजना सञ्चालन गर्न नेपाल सरकारले देहाय बमोजिम अनुदान दिन सक्नेछ :–

(क) बीउपुँजी अनुदान,

(ख) पुँजीगत अनुदान ।

(२) उपदफा (१) बमोजिम प्रत्येक वर्ष प्रदान गरिने रकमको अधिकतम सीमा मन्त्रालय वा विभागको स्वीकृत बजेट तथा कार्यक्रममा व्यवस्था भएबमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम अनुदान दिँदा देहायका संस्थाको देहाय बमोजिमका आयोजनाका लागि दिन सकिनेछ:-

(क) श्रमिक, भूमिहीन कृषक, सीमान्तकृत समुदाय सम्मिलित सहकारी संस्थाले आफ्ना सदस्यहरूलाई सामूहिक वा व्यक्तिगत रूपमा वस्तु वा सेवा उत्पादन गरी स्वरोजगारीका अवसर दिलाउने आयोजना,

(ख) कृषक सहकारी संस्थाले दीर्घकालीन रूपमा भूमिको व्यवस्था गरी सदस्यलाई संलग्न गराई सञ्चालन गर्ने सहकारी खेतीका आयोजना,

(ग) कृषक सहकारी संस्थाले आफ्ना सदस्यहरूको उपज सङ्कलन, सञ्चय, प्रशोधन तथा बजारीकरण गर्ने सम्बन्धी आयोजना,

(घ) आम उपभोक्ताका सहकारी संस्थाले आफ्ना सदस्यहरूलाई अत्यावश्यक दैनिक उपभोग्य वस्तुहरू विक्री वितरण गर्ने आयोजना र

(ङ) विषयसँग सम्बन्धित सहकारी संस्थाले सङ्गठित भई सामूहिक रुपमा सञ्चालन गर्ने शीतघर, स्रोत केन्द्र, थोक बजार, यातायात, स्वास्थ्य सेवा, जलविद्युत्, भारी

उपकरण, कृषि औजार कारखाना लगायतका साझा उपयोगका आयोजना ।

४. **बीउपुँजी अनुदान प्रदान गर्न सक्ने** : (१) मन्त्रालय वा विभागले संस्थालाई दफा ३ को उपदफा (३) को खण्ड (क) वा (ख) बमोजिमको आयोजना सञ्चालन गर्न बीउपुँजी अनुदान प्रदान गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम बीउपुँजी अनुदान उपलब्ध गराउँदा संस्थाको प्रत्यक्ष रोजगार पाउने सदस्य संख्याका आधारमा प्रति सदस्य तीस हजार रुपैयाँ वा कुल सात लाख पचास हजार रुपैयाँमा जुन घटी हुन्छ सो रकमको माथिल्लो सीमा कायम गर्नु पर्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि महिला मात्र सम्मिलित संस्थाको हकमा प्रति सदस्य पैँतालीस हजार रुपैयाँ वा कुल नौ लाख रुपैयाँमा जुन घटी हुन्छ सो रकमको माथिल्लो सीमा कायम गर्नु पर्नेछ ।

(४) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक पटक बीउपुँजी अनुदान उपलब्ध गराइएको संस्थालाई आयोजना विस्तार गरी थप स्वरोजगारी दिलाउने अवस्थामा दुई वर्षपछि उपदफा (२) वा (३) बमोजिमको सीमामा नबढाई बीउपुँजी अनुदान प्रदान गर्न सकिनेछ ।

(५) यस दफा बमोजिम उपलव्ध गराइएको बीउपुँजी अनुदान संस्थाले आफ्नो जगेडा कोषमा राखी आयोजनाको उद्देश्य बमोजिम स्थिर वा कार्यशील पुँजीका साथै व्यवसाय सञ्चालन खर्च व्यहोर्ने गरी उपयोग गर्न सक्नेछ ।

५. **पुँजीगत अनुदान प्रदान गर्न सक्ने** : (१) दफा ३ को उपदफा (३) को खण्ड (क), (ख), (ग), (घ) र (ङ) मा उल्लिखित आयोजना सञ्चालन गर्न मन्त्रालय वा विभागले संस्थालाई देहाय बमोजिम पुँजीगत अनुदान प्रदान गर्न सक्नेछः-

(क) अनुसूची-१ मा उल्लिखित दुर्गम क्षेत्रका लागि कुल स्थीर पुँजी आवश्यकताको असी प्रतिशतसम्म र

(ख) अन्य क्षेत्रको हकमा कुल स्थीर पुँजी आवश्यकताको साठी प्रतिशतसम्म ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि महिलाहरू मात्र सम्मिलित संस्थाद्वारा सञ्चालित आयोजनाको हकमा उपदफा (१) को खण्ड (क) बमोजिमको क्षेत्रमा पन्चान्नब्बे प्रतिशतसम्म र खण्ड (ख) बमोजिमको क्षेत्रमा पचहत्तर प्रतिशतसम्म पुँजीगत अनुदान प्रदान गर्न सकिनेछ ।

(३) उपदफा (१) बमोजिम कार्यान्वयन गर्न एक वर्ष भन्दा बढी अवधी लाग्ने प्रकृतिका आयोजना बहुवर्षीय रूपमा स्वीकृत गर्न सकिनेछ ।

(४) उपदफा (३) बमोजिम स्वीकृत गरिने बहुवर्षीय आयोजनाको अवधि, प्रदान गरिने वित्तीय अनुदानको भुक्तानी र तत्सम्बन्धी अन्य सर्तहरू आयोजनाको प्रकृति हेरी निर्देशन समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) यस दफा बमोजिम प्रदान गरिएको पुँजीगत अनुदान संस्थाको जगेडा कोषमा राखी आयोजनाको पुँजीगत खर्चमा मात्र उपयोग गर्नु पर्नेछ ।

६. **कार्यक्रम अनुदान प्रदान गर्न सक्ने** : (१) राष्ट्रिय, केन्द्रीय वा जिल्ला तहका सहकारी सङ्घहरूलाई वार्षिक बजेट र कार्यक्रममा समावेश गरी कार्यक्रम सञ्चालन अनुदान उपलब्ध गराउन सकिनेछ ।

(२) उपदफा (१) बमोजिम प्रदान गरिने अनुदानको रकम र प्रयोजन मन्त्रालय वा विभागको स्वीकृत वार्षिक कार्यक्रममा व्यवस्था भएबमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम अनुदान प्रदान गर्दा मन्त्रालय वा विभागले सम्बन्धित सङ्घसँगको समझदारी-पत्र (मेमोरेन्डम अफ अन्डरस्ट्यान्डिङ) मा अनुदानको लेखापालन, उपयोग र प्रगति प्रतिवेदनका सर्तहरू समेत तोक्नुपर्नेछ ।

७. **सदस्य केन्द्रित भई व्यवसाय सञ्चालन गर्नु पर्ने** : (१) यस निर्देशिका बमोजिम अनुदान प्राप्त गर्ने संस्थाले सम्भव भए सम्म देहायबमोजिम सदस्य केन्द्रित व्यवसाय सञ्चालन गर्नु पर्नेछः-

(क) उत्पादनमूलक संस्थाले सदस्यहरूको मात्र उपज खरिद गर्नुपर्ने,

(ख) उपभोक्ता संस्थाले सदस्यहरूलाई आवश्यक वस्तु वा सेवा मात्र विक्री गर्नुपर्ने,

(ग) रोजगारीमूलक संस्थाले सदस्यहरूलाई मात्र रोजगारी दिनुपर्ने,

(२) यातायात र स्वास्थ्य सेवाका आयोजनाको हकमा यो दफा लागू हुने छैन ।

८. **<u>अनुदान उपलब्ध नगराइने</u> :** (१) दफा ४, ५ र ६ मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा संस्थालाई अनुदान उपलब्ध गराइने छैन-

(क) वार्षिक साधारण सभा सम्पन्न नगरेको,

(ख) सञ्चालक समिति र लेखा समितिको नियमित रूपमा निर्वाचन नगरेको,

(ग) नियमित रूपमा वार्षिक लेखा परीक्षण नगराएको,

(घ) लेखा समितिको वार्षिक प्रतिवेदन पेस नभएको

(ङ) अघिल्ला वर्षहरुमा प्राप्त गरेको अनुदानको सदुपयोग नगरेको,

(च) कार्यक्षेत्रभन्दा बाहिर गई कारोबार सञ्चालन गरेको,

(छ) कर चुक्ता प्रमाणपत्र नभएको,

(ज) संस्था दर्ता भएको कम्तिमा दुई वर्ष पूरा नभएको ।

तर बीउपुँजी अनुदानको हकमा प्रारम्भिक साधारण सभा सम्पन्न गरेपछि त्यस्तो अनुदान उपलब्ध गराउन सकिनेछ ।

(२) बचत तथा ऋणको मुख्य कारोबार गर्ने संस्थाले बीउपुँजी अनुदान र पुँजीगत अनुदान प्राप्त गर्न सक्ने छैन ।

## परिच्छेद – ३

## <u>अनुदान प्रदान गर्ने प्रक्रिया</u>

९. **<u>सूचना प्रकाशन गर्ने</u> :** (१) प्रत्येक आर्थिक वर्षको श्रावण मसान्तभित्र विभागले निर्देशन समितिबाट तय भएबमोजिम वित्तीय अनुदानका लागि आयोजना प्रस्ताव

पेस गर्न कुनै एक राष्ट्रिय दैनिक पत्रिकामा कम्तीमा पैँतीस दिनको अवधि दिई सूचना प्रकाशन गर्नुपर्नेछ ।

तर, आर्थिक वर्ष २०७३/७४ को हकमा यो निर्देशिका स्वीकृत भएको सात दिनभित्र सूचना प्रकाशन गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सूचना राष्ट्रिय सहकारी संघ, विषयगत केन्द्रीय संघ, जिल्ला सहकारी संघ, विषयगत जिल्ला संघमा समेत जानकारी गराउनुपर्नेछ ।

(३) उपदफा (१) बमोजिमको सूचना विभागको वेबसाइटमा समेत राख्नुपर्नेछ ।

१०. **<u>सोझै प्रस्ताव लिन सकिने</u>** : दफा ९ मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ६ मा उल्लिखित वार्षिक बजेट र कार्यक्रममा समावेश भएका कार्यक्रम सञ्चालन गर्ने प्रयोजनका लागि मन्त्रालय वा विभागले पन्ध्र दिनको समय दिई सोझै प्रस्ताव माग गर्न सक्नेछ ।

११. **<u>दरखास्त पेस गर्नुपर्ने</u>** : यस निर्देशिका बमोजिम अनुदान प्राप्त गर्न चाहने संस्थाले देहायका कागजात तथा विवरण संलग्न गरी दफा ९ बमोजिम प्रकाशित सूचनामा दिइएको अवधि भित्र अनुसूची – २ बमोजिमको ढाँचामा कार्यालयमा दरखास्त दिनु पर्नेछः-

(क) संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि,
(ख) संस्थाको विनियमको प्रतिलिपि,
(ग) पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन,
(घ) कर चुक्ताको प्रमाणपत्र,
(ङ) आयोजनाको प्रस्ताव,
(च) साधारण सभाबाट आयोजना प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि,
(छ) सञ्चालक समितिका पदाधिकारीको नाम, ठेगाना र सम्पर्क टेलिफोन नम्बर खुलेको विवरण,

(ज) पचास लाखरुपैयाँ भन्दा माथिको कुल लागत भएको आयोजना भए विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदन र सोभन्दा कम कुल लागत भएको आयोजना भए पूर्वसम्भाव्यता अध्ययन प्रतिवेदन,

(झ) जग्गा प्राप्त गर्नुपर्नेमा प्राप्तिको भरपर्दो व्यवस्था खुल्ने कागजात,

(ञ) आयोजनाका लागि संस्थाको तर्फबाट परिचालन गरिने पुँजीको स्रोत खुलेको कागजात ।

(ट) अनुसूची – ३ बमोजिमको विवरण ।

**१२. <u>प्रारम्भिक छानविन गर्ने</u> :** (१) दफा ११ बमोजिम प्राप्त दरखास्त उपर सम्बन्धित कार्यालयले प्रारम्भिक छानविन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम छानविन गर्दा सम्बन्धित कार्यालयले अनुसूची – ४ बमोजिमको प्रारम्भिक जाँचसूचीको आधारमा कार्यालयमा उपलब्ध अभिलेख भिडाउनुका साथै स्थलगत निरीक्षणसमेत गर्न सक्नेछ ।

(३) उपदफा (२) वमोजिम छानविन गर्दा उपदफा (२) बमोजिमको जाँचसूची मध्ये कुनैमा असफल भएको पाइएमा सम्बन्धित कार्यालयले त्यस्तो दरखास्त स्वीकृत नहुने व्यहोराको जानकारी सम्बन्धित संस्थालाई गराउनु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम छानविन गर्दा यस निर्देशिका बमोजिम अनुदान उपलब्ध गराउन मिल्ने देखिएमा सम्बन्धित कार्यालयले उपदफा (२) बमोजिमको जाँचसूची सहित छनौटका कार्यक्रम तथा बजेट समेत प्रस्ताव गरी अनुदान उपलब्ध गराउन विभागमा सिफारिस गर्नु पर्नेछ ।

(५) दरखास्त छानविनका सिलसिलामा आवश्यक अन्य कुरा निर्देशन समितिले तोकेबमोजिम हुनेछ ।

**१३. <u>प्रस्तावको मूल्याङ्कन गर्ने</u> :** (१) दफा १२ को उपदफा (४) बमोजिम प्राप्त प्रस्तावको मूल्याङ्कन गरी सिफारिस गर्न विभागमा देहायबमोजिमको प्रस्ताव मूल्याङ्कन समिति रहनेछः-

(क) प्रमुख, योजना शाखा, सहकारी विभाग - संयोजक

(ख) प्रतिनिधि, मन्त्रालय - सदस्य

(ग) प्रतिनिधि, कृषि विकास मन्त्रालय - सदस्य

(घ) आर्थिक प्रशासन शाखा प्रमुख, विभाग - सदस्य

(ङ) प्रतिनिधि, राष्ट्रिय सहकारी विकास बोर्ड - सदस्य

(च) प्रतिनिधि, राष्ट्रिय सहकारी संघ - सदस्य

(छ) विभागको रजिष्ट्रारले तोकेको दुई जना विषय विज्ञ - सदस्य

(ज) विभागका सहकारी प्रवर्धन शाखा हेर्ने शाखा अधिकृत - सदस्य–सचिव

(२) मूल्याङ्कन प्रयोजनका लागि विभागले दफा ९ बमोजिमको सूचनाको म्यादभित्र कार्यालयमा दर्ता भई त्यस्तो कार्यालयबाट दफा १२ को उपदफा (४) बमोजिम सिफारिस गरी पठाइएका सबै दरखास्तहरू प्राप्त भएको सुनिश्चित गर्नु पर्नेछ ।

(३) मूल्याङ्कन गर्दा प्रस्ताव मूल्याङ्कन समितिले दफा ३ को उपदफा (२) बमोजिम छुट्ट्याइएको बजेटको सीमाभित्र रही प्रत्येक प्रस्तावलाई अनुसूची – ५ बमोजिमको आधारमा मूल्याङ्कन गरी अङ्क प्रदान गर्नु पर्नेछ ।

१४. **आयोजना प्रस्तावको स्वीकृति** : (१) दफा १३ बमोजिम प्रस्ताव मूल्याङ्कन समितिबाट सिफारिस भएको प्रस्ताव स्वीकृतिका लागि विभागका रजिष्ट्रारले निर्देशन समितिसमक्ष पेस गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त आयोजना प्रस्तावमा विचार गरी निर्देशन समितिले स्वीकृति प्रदान गर्न सक्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि स्वीकृतिका लागि प्राप्त आयोजना प्रस्ताव यस निर्देशिका बमोजिम भएको नदेखिएमा निर्देशन समितिले देहाय बमोजिम गर्नेछ :-

(क) तात्विक प्रकृयागत वा अन्य त्रुटि देखिएकोमा पुनःमूल्याङ्कनका लागि कुनै वा सबै प्रस्ताव मूल्याङ्कन समितिमा फिर्ता पठाउने, वा

(ख) निर्देशन समितिबाट उपसमिति बनाई पुनरावलोकन गराउने ।

(४) यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि निर्देशन समितिले आवश्यक देखेका उपयुक्त आयोजनालाई कुनै सर्त, बन्देज तोकी प्रस्ताव स्वीकृत गर्न सक्नेछ ।

**१५. <u>निर्देशन समितिको गठन</u> :** (१) यस निर्देशिका बमोजिम आयोजना प्रस्तावहरूको स्वीकृति गर्ने तथा तत्सम्बन्धमा आवश्यक निर्देशन एवं समन्वयका लागि मन्त्रालयमा देहायबमोजिमको निर्देशन समिति रहनेछः-

(क) सचिव, मन्त्रालय - संयोजक

(ख) सहसचिव, राष्ट्रिय योजना आयोग - सदस्य

(ग) सहसचिव, अर्थ मन्त्रालय - सदस्य

(घ) सहसचिव, कृषि विकास मन्त्रालय - सदस्य

(ङ) सहसचिव, मन्त्रालय, योजना तथा गरिबी निवारण महाशाखा - सदस्य

(च) सहसचिव, मन्त्रालय, सहकारी तथा व्यवस्थापन महाशाखा - सदस्य

(छ) सदस्य-सचिव, राष्ट्रिय सहकारी विकास बोर्ड - सदस्य

(ज) अध्यक्ष वा निजले तोकेको उपाध्यक्ष, राष्ट्रिय सहकारी सङ्घ - सदस्य

(झ) रजिष्ट्रार, सहकारी विभाग - सदस्य-सचिव ।

(२) निर्देशन समितिले आफ्नो कार्यविधि आफैँ बनाउन सक्नेछ ।

(३) निर्देशन समितिले अनुदानको लागि स्वीकृत गरेका संस्थाका आयोजना प्रस्तावको विवरण विभागलाई उपलब्ध गराउनु पर्नेछ ।

(४) निर्देशन समितिले अनुदान प्रदान गर्ने सम्बन्धमा आवश्यक सर्त निर्धारण गर्न सक्नेछ ।

## परिच्छेद – ४

## कार्यान्वयन, अनुगमन र मूल्याङ्कन

१६. **जानकारी दिनुपर्ने** : (१) दफा १४ को उपदफा (२) बमोजिम निर्देशन समितिबाट आयोजना प्रस्ताव स्वीकृत भएको विवरण प्राप्त भएपछि आयोजना प्रस्ताव स्वीकृत हुने संस्था कार्यालयको क्षेत्राधिकारभित्र भए सम्बन्धित कार्यालय मार्फत र नभए सोझै सम्बन्धित संस्थालाई सोको जानकारी दिनु पर्नेछ ।त्यसरी आयोजना प्रस्ताव स्वीकृत भएको सूचना विभागको वेबसाइटमा समेत राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम जानकारी गराउँदा कम्तीमा पन्ध्र दिनको समय दिई सम्झौता गर्न आउने म्याद समेत खुलाउनु पर्नेछ ।

तर कुनै विशेष अवस्था परी केही दिन ढिलो भए तापनि सम्झौता गर्नेे पदाधिकारीलाई सो विशेष परिस्थिति परेको भन्ने आधार मुनासिब लागेमा सम्झौता गर्न बाधा पर्ने छैन ।

१७. **सम्झौता गर्नुपर्ने** : यस निर्देशिका बमोजिम संस्थालाई अनुदान प्रदान गर्दा कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भए त्यस्तो कार्यालयले र कार्यालयको क्षेत्राधिकारमा नपर्ने भएमा विभागले निर्देशन समितिले तोकेको ढाँचामा सम्झौता गर्नुपर्नेछ ।

१८. **भुक्तानी विधि** : (१) यस निर्देशिका बमोजिम संस्थालाई उपलब्ध गराइने वित्तीय अनुदानको रकम देहाय बमोजिम भुक्तानी गर्न सकिनेछः-

(क) सम्झौता भएपछि पचास प्रतिशतसम्म र

(ख) खण्ड (क) बमोजिम प्राप्त रकमको खर्चको फाँटबारी र निर्माण कार्यको हकमा रनिङ बिलसहितको अन्तरिम प्रतिवेदन प्राप्त भएपछि बाँकी रकम ।

(२) उपदफा (१) बमोजिम संस्थालाई प्रदान गरिने रकम अनुदान उपलब्ध गराउन सम्झौता गर्ने कार्यालय वा विभागबाट भुक्तानी दिइनेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाले आयोजना सञ्चालन गर्दा आवश्यक पूर्वतयारी पूरा गर्नुपर्नेमा त्यस्तो पूर्वतयारी पूरा नगरेसम्म र निर्देशन समितिले दफा १४ को उपदफा (४) बमोजिम कुनै सर्त, बन्देज तोकेकोमा त्यस्तो सर्त, बन्देज पालना नगरेसम्म कुनै पनि रकम प्रदान गरिने छैन ।

**१९.** **सार्वजनिक खरिद ऐन लागू हुने :** यस निर्देशिका बमोजिम संस्थाले प्राप्त गर्ने अनुदानको रकम खर्च गर्दा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिमको प्रक्रिया पूरा गर्नु पर्नेछ ।

**२०.** **वित्तीय अनुदानको सदुपयोग गर्नुपर्ने** : (१) संस्थाले वित्तीय अनुदानको रकम दफा ४, ५ र ६ बमोजिम आफ्नो खातामा आम्दानी बाँधी जुन प्रयोजनको लागि प्राप्त भएको हो, सोही प्रयोजनमा मात्र उपयोग गर्नु पर्नेछ ।

(२) संस्थाले उपदफा (१) बमोजिम आम्दानी बाँधिएको वित्तीय अनुदानको रकमको उपयोग खुल्ने गरी स्रेस्ता राखी अद्यावधिक गर्नु पर्नेछ ।

**२१.** **प्रतिवेदन दिनुपर्ने :** संस्थाले यस निर्देशिका बमोजिम प्राप्त गरेको वित्तीय अनुदानबाट सम्पन्न गरेका कार्य, खर्च र प्रतिफल सहितको विवरण देहायको अवधि भित्र अनुदान उपलब्ध गराउन सम्झौता गर्ने कार्यालय वा विभागमा पेस गर्नु पर्नेछः-

(क) पहिलो अन्तरिम प्रतिवेदन दोस्रो किस्ता लिनु अगावै,

(ख) वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तीस दिनभित्र र

(ग) आयोजनाको प्रतिफल र उपलब्धी सहितको अन्तिम प्रतिवेदन आयोजना सम्पन्न भएको एक वर्षभित्र ।

**२२. <u>अनुगमन गर्नुपर्ने</u>:** (१) कार्यालयले यस निर्देशिका बमोजिम अनुदान प्रदान गरिएका आयोजनाको नियमित रूपमा अनुगमन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कार्यालयबाट हुने अनुगमनका अतिरिक्त आवश्यकता अनुसार विभाग वा मन्त्रालयले समेत अनुगमन गर्न सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम गरिने अनुगमनको प्रतिवेदन मन्त्रालयले तोकेको ढाँचामा दिनुपर्नेछ ।

(४) उपदफा (१) र (२) बमोजिम गरिने अनुगमनको कार्यमा संस्थाले आवश्यक सहयोग गर्नुपर्नेछ ।

**२३. <u>अनुदान रोक्का गर्न सक्ने</u> :** (१) दफा २२ बमोजिम अनुगमन गर्दा संस्थाले प्राप्त वित्तीय अनुदानको सदुपयोग नगरेको वा सम्झौताको कुनै सर्त पालना गरेको नपाइएमा अनुगमन प्रतिवेदनको सिफारिसको आधारमा कार्यालय, विभाग वा मन्त्रालयले मुनासिब समय दिई देहाय बमोजिम गर्न सक्नेछ :–

(क) उपयोग नगरेको रकम वा खरिद भएको उपकरणको उपयोग गर्न लगाउने,

(ख) अधुरो निर्माण कार्य सुचारु गर्न लगाउने र

(ग) सम्झौताको सर्त पालना नभएकोमा पालना गर्न लगाउने ।

(२) उपदफा (१) बमोजिम दिइएको समयभित्र संस्थाले आवश्यक सुधार नगरेमा कार्यालय, विभाग वा मन्त्रालयले आवश्यक सुधार गरेपछि फुकुवा गर्ने गरी बाँकी किस्ताको भुक्तानी रोक्का राख्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम कार्यालयले किस्ता रोक्का राखेको वा फुकुवा गरेको जानकारी विभागलाई दिनुपर्नेछ ।

**२४. <u>असूल उपर गरिने</u> :** दफा २२ बमोजिम अनुगमन गर्दा यस निर्देशिका बमोजिम संस्थालाई प्रदान गरिएको वित्तीय अनुदानको रकम कुनै किसिमले दुरुपयोग गरिएको पाइएमा त्यस्तो रकम दुरुपयोग गर्ने संस्थाका सदस्य तथा पदाधिकारीको घर घरानाबाट सरकारी बाँकी सरह असूल उपर गरिनेछ ।

**२५. <u>सफाई पेस गर्ने मौका दिनुपर्ने</u> :** दफा २३ बमोजिम अनुदान रोक्का राख्नुपर्दा वा दफा २४ वमोजिम रकम असुल उपर गर्नुपर्दाको अवस्थामा सम्वन्धित संस्थालाई सफाई पेस गर्ने मुनासिब माफिकको समय दिनुपर्नेछ ।

२६. **<u>वित्तीय अनुदानको लेखापरीक्षण</u> :** (१) संस्थाले यस निर्देशिका बमोजिम प्राप्त वित्तीय अनुदानको लेखापरीक्षण सहकारी ऐन, २०४८ मा व्यवस्था भए बमोजिम गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम लेखापरीक्षण गराउने प्रयोजनका लागि संस्थाले प्राप्त रकमको स्रेस्ता तथा बिल भरपाईहरू यस निर्देशिका बमोजिम अलग्गै रूपमा सुरक्षित राख्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको लेखापरीक्षण प्रतिवेदन संस्थाले साधारण सभाबाट स्वीकृत भएपछि कार्यालय वा विभागमा पठाउनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम सम्पन्न लेखापरीक्षण त्रुटीपूर्ण रहेको भनी उजुरी परेमा विभागले तत्सम्बन्धमा छानबिन गरी संस्थालाई पुनः लेखापरीक्षण गराउन निर्देशन दिन सक्नेछ ।

## परिच्छेद - ५

## <u>विविध</u>

२७. **<u>साधारण सभालाई जानकारी गराउनु पर्ने</u>** : यस निर्देशिका बमोजिम अनुदान प्राप्त भए पछि संस्थाले लगत्तै बस्ने साधारण सभामा सोको सम्पूर्ण विवरण सहितको जानकारी गराउनु पर्नेछ ।

२८. **<u>स्थानीय तहसँगको समन्वयः</u>** (१) कार्यालयले आफ्नो क्षेत्राधिकारभित्र यस निर्देशिका बमोजिम स्वीकृत भएको वित्तीय अनुदानको रकम र प्रयोजन समेत खोली त्यस्तो अनुदान प्राप्त गर्ने संस्थाहरूको विवरण सम्बन्धित स्थानीय तहलाई उपलब्ध गराउनु पर्नेछ ।

(२) संस्थाले दफा २१ बमोजिम कार्यालयमा पेश गर्ने प्रतिवेदनको एक प्रति सम्बन्धित स्थानीय तहमा समेत पठाउनुपर्नेछ ।

(३) सम्बन्धित स्थानीय तहले उपदफा (२) बमोजिम प्राप्त प्रतिवेदन समेतका आधारमा संस्थाले सञ्चालन गरेको आयोजनाको नियमित अनुगमन र कार्यान्वयनमा समन्वय गर्नुपर्नेछ ।

(४) अनुदान प्राप्त गर्ने संस्थाहरूले प्राप्त अनुदानबाट गरेका कार्यहरू वार्षिक साधारण सभाबाट अनुमोदन गरी सोको एक प्रति सम्बन्धित स्थानीय तहमा समेत उपलब्ध गराउनु पर्नेछ ।

२९. **<u>विवरण सार्वजनिक गर्नुपर्ने</u>** : (१) संस्थाले नेपाल सरकारबाट प्राप्त गरेको वित्तीय अनुदानको प्रयोजन समेत खुल्ने विवरण र खर्चको फाँटवारी आयोजनास्थल वा संस्थाको कार्यालयमा सर्वसाधारणको जानकारीका लागि प्रस्टसँग पढ्न सकिने गरी सूचना पाटीमा लेखी सार्वजनिक गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सार्वजनिक गरिने विवरणमा आयोजनाको स्वीकृत प्रस्ताव बमोजिम नेपाल सरकारका साथै संस्थाको प्रयोजनगत योगदान र अद्यावधिक खर्चका महलहरू राख्नु पर्नेछ ।

३०. **<u>प्रवर्द्धन वा पुनः सञ्चालनका लागि अनुदान दिन सकिने</u>** : (१) यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारको विशेष प्राथमिकताको लक्षित कार्यक्रम अन्तर्गत प्रवर्धन गरिने संस्थाका साथै पुराना साझा (सहकारी) संस्थाको सम्पत्तिको संरक्षण र उपयोग गरी पुन: सञ्चालन गर्ने सिलसिलामा स्वीकृत वार्षिक कार्यक्रममा व्यवस्था गरी आवश्यक अनुदान प्रदान गर्न सकिने छ ।

(२) उपदफा (१) बमोजिम प्रदान गरिने अनुदानको रकम र प्रयोजन स्वीकृत वार्षिक कार्यक्रममा व्यवस्था भए बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम प्रदान गरिने अनुदानका सम्बन्धमा अन्य व्यवस्था निर्देशन समितिले तोके बमोजिम हुनेछ ।

३१. **<u>प्रतिवेदन प्रकाशन गर्नु पर्ने</u>** : विभागले यस निर्देशिका बमोजिम प्रदान गरिएको वित्तीय अनुदानको प्रतिफलसमेत झल्कने गरी वार्षिक प्रतिवेदन प्रकाशन गर्नुपर्नेछ ।

३२. **<u>व्याख्या गर्ने अधिकार</u>** : यस निर्देशिकाको कार्यान्वयनका सिलसिलामा कुनै प्रावधानमा द्विविधा उत्पन्न भएमा निर्देशिकाको भावना र मर्मको प्रतिकूल नहुने गरी मन्त्रालयले व्याख्या गर्न सक्नेछ ।

**३३.** **<u>खारेजी र बचाउ</u> :** (१) सहकारी संघसस्थालाई उपलब्ध गराइने अनुदान एवं भन्सार महशुलमा छुट सुविधा सिफारिस सम्बन्धी कार्यविधि, २०६८ खारेज गरिएको छ ।

(२) सहकारी संघसस्थालाई उपलब्ध गराइने अनुदान एवं भन्सार महशुलमा छुट सुविधा सिफारिस सम्बन्धी कार्यविधि, २०६८ बमोजिम भए गरेका कामकारवाही यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ ।

## अनुसूची– १

### (दफा ५ को उपदफा (१) खण्ड (क) सँग सम्बन्धित)

### दुर्गम भौगोलिक क्षेत्रहरू

१. मेची अञ्चलको ताप्लेजुङ,

२. कोशी अञ्चलको नुमसहित दक्षिण क्षेत्रबाहेक सम्पूर्ण संखुवासभा,

३. सगरमाथा अञ्चलको सोलुखुम्बु,

४. जनकपुर अञ्चलको दोलखा जिल्लाको लामावगर र रोल्वालिङ क्षेत्र,

५. वागमती अञ्चलको धादिङ जिल्लाको सेतीवास उत्तरको सिंहार क्षेत्र,

६. गण्डकी अञ्चलको मनाङ र गोरखाको सिर्दिवास उत्तरको लार्के क्षेत्र,

७. धवलागिरी अञ्चलको टुकुचेभन्दा दक्षिणी क्षेत्रबाहेकको मुस्ताङ जिल्ला र उत्तरी बाग्लुङको ढोरपाटन क्षेत्र,

८. राप्ती अञ्चलको रोल्पा र रुकुम,

९. कर्णाली अञ्चलको हुम्ला, जुम्ला, मुगु, कालिकोट र डोल्पा,

१०. भेरी अञ्चलको जाजरकोट,

११. सेती अञ्चलको बझाङ र बाजुरा,

१२. महाकाली अञ्चलको दार्चुला ।

## अनुसूची– २
## (दफा ११ सँग सम्बन्धित)
## <u>दरखास्तको ढाँचा</u>

श्री कार्यालय प्रमुखज्यू,
सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय, .........................डिभिजन सहकारी कार्यालय, .......................... ।

विषयः वित्तीय अनुदानका लागि प्रस्ताव पेस गरिएको ।

सहकारी तथा गरिबी निवारण मन्त्रालय, सहकारी विभागबाट मिति ............. मा .................. राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसार यस सङ्घ/संस्थाले नेपाल सरकारको वित्तीय अनुदानसमेतमा ................................ आयोजना सञ्चालन गर्ने गरी मिति .................. को साधारण सभाले निर्णय गरेकाले सूचनामा तोकिएका कागजात संलग्न राखी अनुसूची– ३ बमोजिमको विवरण खुलाई यो दरखास्त पेस गरिएको छ ।

सहकारी संस्थाहरूलाई अनुदान सुविधा प्रदान गर्ने निर्देशिका, २०७३ का सर्त, बन्देजहरू पालना गर्न यो सङ्घ/संस्था मन्जुर छ ।

भवदीय,

....................

अध्यक्ष

नाम, थरः

संस्थाको नाम, ठेगानाः

संस्थाको छाप

सम्पर्क नं.:

## अनुसूची– ३

**(दफा ११ को खण्ड (ट) सँग सम्बन्धित)**

**आयोजनाको विवरण**

१) संघ/संस्थाको नाम: .............................................................. .........................

ठेगाना :

जिल्ला :

न.पा./गा.वि.स. :

वडा नं. :

गाउँ/टोल :

**२) दर्ता नम्बर र मिति** :

३) आयोजनाको नाम :

**४) आयोजनास्थल**

जिल्ला :

न.पा./गा.वि.स. :

वडा नं.:

गाउँ/टोल :

**४.१) आयोजनास्थल अनुसूची– १ बमोजिमको क्षेत्र** ☐ ☐ नपर्ने

**५) आयोजना प्रारम्भ हुने मिति**:

**६) आयोजना सम्पन्न हुने मिति**:

**७) प्रस्तावित आयोजनाको कुल लागत**: रु. ....................................

७.१ स्थीर पुँजी आवश्यकता : रु. ....................................

क. मेसिनरी उपकरण रु. ...................................

ख. जग्गा रु. ...................................

ग. भवन रु. ...................................

घ. पशुपन्छी खरिद रु. ...................................

ङ. अन्य (खुलाउने) रु. ...................................

७.२ कार्यशील पुँजी आवश्यकता : रु. ..............................

७.३ कार्यक्रम खर्चको आयोजनाको हकमा कार्यक्रम खर्च : रु. ...............

**८) संस्थाले बेहोर्ने लागत प्रतिशत**: ....................

**९) संस्थाको लागत बेहोर्ने स्रोत :**

क. शेयर रकमबाट रु. ....................

ख. जगेडा कोषबाट रु. ....................

ग. अन्य रु. ....................

**१०) नेपाल सरकारको अन्य निकायबाट वित्तीय सहयोग प्राप्त गरेको वा प्राप्त गर्न आवेदन दिएको भए खुलाउनेः**.

...........................................................................

...........................................................................

**११) सदस्य सहभागिताको अवस्था**

| वर्गीकरण | सहभागिता | | | | | |
|---|---|---|---|---|---|---|
| | साधारण सदस्यमा | | सञ्चालक समितिमा | | आयोजनाबाट प्रत्यक्षतः लाभान्वित हुनेमा | |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| महिला | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| अपाङ्गता भएका व्यक्ति | | | | | | |
| दलित समुदाय | | | | | | |
| पिछडिएका अल्पसङ्ख्यक जनजाति | | | | | | |
| अन्य | | | | | | |
| जम्मा | | | | | | |

**१२) संस्थाको व्यावसायिक सेवामा सदस्य केन्द्रीयता**

| विवरण | | हालको अवस्था (पछिल्लो आ.व.को) | | आयोजना सञ्चालन भएपछि हुने अवस्था | |
|---|---|---|---|---|---|
| | | रु. हजार | प्रतिशत | रु. हजार | प्रतिशत |
| उत्पादित वस्तुको खरिद | सदस्यको उत्पादन | | | | |
| | गैरसदस्यको उत्पादन | | | | |
| जम्मा | | | | | |
| उत्पादन सामग्री र उपभोग्य वस्तुको विक्री | सदस्यलाई | | | | |
| | गैरसदस्यलाई | | | | |
| जम्मा | | | | | |

| स्वरोजगारी | हालको अवस्था | आयोजना सञ्चालन भएपछि हुने अवस्था |
|---|---|---|

| | सदस्य सङ्ख्या | गैरसदस्य सङ्ख्या | जम्मा | सदस्यको प्रतिशत | सदस्य सङ्ख्या | गैर–सदस्य सङ्ख्या | जम्मा | सदस्यको प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| प्रत्यक्ष पूर्ण (वर्षमा २,०८० घण्टा काम पाउने भए १ जना मानी सङ्ख्या जनाउने) | | | | | | | | |
| अप्रत्यक्ष | | | | | | | | |
| जम्मा | | | | | | | | |

**१३.आयोजनास्थलमा पूर्वाधारको स्थिति (✓चिन्ह लगाउनुहोस्)**

बिजुली ☐

सिँचाइ ☐

पक्की सडक ☐

कच्ची सडक ☐

**१४. व्यवसायको लागि भवन, टहरा, सेड, गोठको स्थिति (✓ चिन्ह लगाउनुहोस्) :**

आफ्नै स्वामित्वमा निर्माण भएको ☐

आफ्नै स्वामित्वमा निर्माणाधीन ☐

**१५. कार्यालयको भौतिक स्थिति**

आफ्नै भवन ☐

भाडाको घर ☐

**१६. संस्थागत सुशासनको स्थितिः**

सञ्चालक समितिको बैठक नियमित ☐ छ ☐ छैन

वार्षिक साधारण सभा नियमित ☐ छ ☐ छैन

लेखा परीक्षण नियमित ☐ छ ☐ छैन

संघहरूमा आबद्ध ☐ छ ☐ छैन

कार्यसञ्चालन नियमावली ☐ छ ☐ छैन

छ भने कतिवटाः

आयोजनाको सम्भाव्यता अध्ययन ☐ छ ☐ छैन

भएको भए व्यवसायको वार्षिक मुनाफा दरः

१७. उत्पादित वस्तुको बजार सम्भावनाः

अन्तर्राष्ट्रिय बजारको पहुँच ☐ भएको ☐ नभएको

राष्ट्रिय बजारको पहुँच ☐ भएको ☐ नभएको

स्थानीय बजारको पहुँच ☐ भएको ☐ नभएको

१८ सामूहिक व्यवस्थापनमा सञ्चालन

क) ☐ हुने ☐ नहुने

ख) हुने भए सामूहिक रूपमा के कसरी सञ्चालन गरिने हो, खुलाउने :

.............................................................................................................................................

.............................................................................................................................................

**१९.** प्रविधिमा नवप्रवर्तन (उत्पादकत्व बढाउने गरी प्रयोगमा रहेको उत्पादन विधिमा स्थानीय रूपमा गरिएको सकारात्मक परिवर्तन वा स्थानीय समस्या समाधान गर्ने गरी आधुनिक प्रविधिको सिर्जनात्मक अवलम्बन)

क) ☐ हुने ☐ नहुने

ख) हुने भए के कसरी हुने हो, खुलाउने :

.............................................................................................................................................

.............................................................................................................................................

.............................................................................................................................................

**२०. मूल्य श्रृङ्खलामा माथिल्लो क्रियाकलाप**

क) ☐ हो ☐ होइन

ख) हो भने बेहोरा खुलाउने :

.............................................................................................................................................

.............................................................................................................................................

**२१. वैदेशिक बजारीकरण**

| विवरण | हाल (पछिल्लो आ.व.) को अवस्था | | आयोजना सञ्चालन भएपछि हुने अवस्था | |
|---|---|---|---|---|
| | रु. | प्रतिशत | रु. | प्रतिशत |
| स्वदेशमा विक्री | | | | |
| विदेशमा विक्री | | | | |
| जम्मा | | | | |

**२२.** वातावारणीय सरोकार (प्राकृतिक स्रोतको जगेर्ना, जैविक विविधतामा बढोत्तरी, स्थानीय जातको संरक्षण, प्राङ्गारिक खेतीपाती, प्रदूषणको रोकथामलगायतमा पर्ने प्रभाव)

क) सकारात्मक प्रभाव ☐ हुने ☐ नहुने

ख) हुने भए के कस्तो हुने हो, खुलाउने :

.............................................................................................................................................

.............................................................................................................................................

ग) नकारात्मक प्रभाव ☐ हु☐ नहुने

घ) हुने भए के कस्तो हुने हो, खुलाउने :

.............................................................................................................................................

.............................................................................................................................................

**२३. अन्य कुनै कुरा भए खुलाउने :**

.............................................................................................................................................

.............................................................................................................................................

अध्यक्षको हस्ताक्षर

.................................

नाम, थर :

संस्थाको नाम, ठेगाना :

संस्थाको छाप

सम्पर्क नं.:

## अनुसूची– ४

### प्रारम्भिक जाँचसूची

**(दफा १२ को उपदफा (२) सँग सम्बन्धित)**

१.सूचनाको म्यादभित्र दरखास्त दर्ता ☐ भएको ☐ नभएको

२. सूचनामा तोकिएका सबै कागजात संलग्न ☐ भएको ☐ नभएको

३. पछिल्लो वार्षिक साधारण सभा समयमै ☐ गरेको ☐ नगरेको

४ पछिल्लो सञ्चालक समितिको निर्वाचन समयमै ☐ गरेको ☐ नगरेको

५.पछिल्लो वार्षिक लेखापरीक्षण समयमै ☐ गराएको ☐ नगराएको

६.यसअघि अनुदान प्राप्त गरेको भए सदुपयोग ☐ गरेको ☐ नगरेको

७. कार्यक्षेत्रभन्दा बाहिर गई कारोबार सञ्चालन ☐ नगरेको ☐ गरेको

८. संस्था सञ्चालनमा आएको कम्तीमा २ आर्थिक वर्ष पूरा
(बीउपुँजी अनुदानको हकमा प्रारम्भिक साधारण सभा सम्पन्न) ☐ भएको ☐ नभएको

९. कर चुक्ता प्रमाणपत्र ☐ भएको ☐ नभएको

१०. दफा ११ को उपदफा (५) बमोजिम निर्देशन समितिले तोकेबमोजिम ☐ भएको ☐ नभएको

११. बीउपुँजी र पुँजीगत अनुदानको हकमा बचत तथा ऋणको
मुख्य कारोबार ☐ नगरेको ☐ गरेको

१२. लेखा समितिको वार्षिक प्रतिवेदन पेस ☐ भएको ☐ नभएको

द्रष्टव्य :

.............................................................................................................................................

.............................................................................................................................................

| जाँच गर्ने कर्मचारीको | प्रमाणित गर्ने कार्यालय प्रमुखको |
|---|---|
| नाम, थर : | नाम, थर : |
| दस्तखत : | दस्तखत : |
| पद : | पद : |
| मिति : | मिति : |

**अनुसूची- ५**

**(दफा १३ को उपदफा (३) सँग सम्बन्धित)**

प्रस्ताव मूल्याङ्कनका आधार र अङ्क

| सि.नं. | आधार | अङ्क | पूर्णाङ्क |
|---|---|---|---|
| **१** | **आयोजनाको सदस्य केन्द्रीयता (उत्पादनमूलक संस्थामा सदस्यबाट खरिद, उपभोक्ता संस्थामा सदस्यलाई बिक्री र रोजगारीमूलक संस्थामा सदस्यलाई रोजगारी)** | | **२०** |
| **१.१** | **हालको अवस्था** | **१०** | |
| (क) | १०० प्रतिशत | १० | |
| (ख) | ७५ वा बढी | ८ | |
| (ग) | ५० वा बढी | ६ | |
| (घ) | २५ वा बढी | ४ | |
| (ङ) | २५ भन्दा कम | २ | |
| **१.२** | **आयोजनाको प्रक्षेपित अवस्था** | **१०** | |
| (क) | १०० प्रतिशत | १० | |
| (ख) | ७५ वा बढी | ८ | |
| (ग) | ५० वा बढी | ६ | |
| (घ) | २५ वा बढी | ४ | |
| (ङ) | २५ भन्दा कम | २ | |
| **२** | **आयोजनाबाट सिर्जना हुने रोजगारी (प्रतिलाख लगानीमा पूर्ण रोजगारी सङ्ख्या)** * | | **१५** |
| (क) | ५ जना वा बढी | १५ | |
| (ख) | ४ जना | १२ | |
| (ग) | ३ जना | ९ | |
| (घ) | २ जना | ६ | |
| (ङ) | १ जना वा कम | ३ | |
| **३** | **सीमान्तीकृत समुदायको सहभागिता** * | | **१५** |
| **३.१** | **सदस्यमा सहभागिता** | ५ | |
| (क) | शत प्रतिशत | ५ | |
| (ख) | ५१ प्रतिशत भन्दा बढी | ४ | |
| (ग) | ३३ प्रतिशत भन्दा बढी | ३ | |
| (घ) | ३३ प्रतिशत भन्दा कम | २ | |

| | | | |
|---|---|---|---|
| (ङ) | नभएको | १ | |
| **३.२** | **सञ्चालक समितिमा सहभागिता** | **५** | |
| (क) | शत प्रतिशत | ५ | |
| (ख) | ५१ प्रतिशत भन्दा बढी | ४ | |
| (ग) | ३३ प्रतिशत भन्दा बढी | ३ | |
| (घ) | ३३ प्रतिशत भन्दा कम | २ | |
| (ङ) | नभएको | १ | |
| **३.३** | **आयोजनाको लाभ लिनमा सहभागिता** | **५** | |
| (क) | शत प्रतिशत | ५ | |
| (ख) | ५१ प्रतिशत भन्दा बढी | ४ | |
| (ग) | ३३ प्रतिशत भन्दा बढी | ३ | |
| (घ) | ३३ प्रतिशत भन्दा कम | २ | |
| (ङ) | नभएको | १ | |
| **४** | **महिला सहभागिता** | | **१५** |
| **४.१** | **सदस्यमा सहभागिता** | **५** | |
| (क) | शत प्रतिशत | ५ | |
| (ख) | ५१ प्रतिशत भन्दा बढी | ४ | |
| (ग) | ३३ प्रतिशत भन्दा बढी | ३ | |
| (घ) | ३३ प्रतिशत भन्दा कम | २ | |
| (ङ) | नभएको | १ | |
| **४.२** | **सञ्चालक समितिमा सहभागिता** | **५** | |
| (क) | शत प्रतिशत | ५ | |
| (ख) | ५१ प्रतिशत भन्दा बढी | ४ | |
| (ग) | ३३ प्रतिशत भन्दा बढी | ३ | |
| (घ) | ३३ प्रतिशत भन्दा कम | २ | |
| (ङ) | नभएको | १ | |
| **४.३** | **आयोजनाको लाभ लिनमा सहभागिता** | **५** | |
| (क) | शत प्रतिशत | ५ | |
| (ख) | ५१ प्रतिशत भन्दा बढी | ४ | |
| (ग) | ३३ प्रतिशत भन्दा बढी | ३ | |
| (घ) | ३३ प्रतिशत भन्दा कम | २ | |
| (ङ) | नभएको | १ | |

| | | | |
|---|---|---|---|
| **५** | **भौगोलिक अवस्था** | | **१०** |
| (क) | अनुसूची १ बमोजिमको क्षेत्र | १० | |
| (ख) | अन्य ग्रामीण क्षेत्र | ८ | |
| (ग) | नगरपालिका | ६ | |
| (घ) | उपमहानगरपालिका | ४ | |
| (ङ) | महानगरपालिका | २ | |
| **६** | **सिर्जनात्मकता** | | **२५** |
| (क) | **सामूहिक व्यवस्थापनमा सञ्चालन** | ५ | |
| (ख) | **भैरहेको प्रविधिमा नवप्रवर्तन*** | ५ | |
| (ग) | **मूल्य श्रृङ्खलामा माथिल्लो क्रियाकलाप** | ५ | |
| (घ) | **वातावरणीय सरोकारको सम्बोधन*** | ५ | |
| (ङ) | **उत्पादनको वैदेशिक बजारीकरण*** | ५ | |

<u>**द्रष्टव्य**</u> :

१. पूर्ण रोजगारी भन्नाले वर्षमा २,०८० घण्टाको काम सम्झनु पर्छ ।

२. वैदेशिक बजारीकरण भन्नाले उत्पादनको ५ प्रतिशतभन्दा बढी विदेश निर्यातलाई सम्झनु पर्छ ।

३. वातावारणीय सरोकार भन्नाले प्राकृतिक स्रोतको जगेर्ना, जैविक विविधतामा बढोत्तरी, स्थानीय जातको संरक्षण, प्राङ्गारिक खेतीपाती, प्रदूषणको रोकथामलगायतमा पर्ने प्रभाव सम्झनु पर्छ ।

४. नवप्रवर्तन भन्नाले उत्पादकत्व बढाउने गरी प्रयोगमा रहेको उत्पादन विधिमा स्थानीय रूपमा गरिएको सकारात्मक परिवर्तन वा स्थानीय समस्या समाधान गर्ने गरी आधुनिक प्रविधिको सिर्जनात्मक अवलम्बन सम्झनु पर्छ ।